श्री

उच्च अदालत पाटन

संयुक्त इजलास

इजलास नं.१५

माननीय न्यायाधीश श्री खडानन्द तिवारी

माननीय न्यायाधीश श्री कृष्णमुरारी शिवाकोटी

आदेश

निर्णय नं. १०२

रि.नं. ०७-०८२-०१६४०

दर्ता मितिः २०८२।०५।१८

मुद्दा नं. ०८२-WO-०४३३

त्रिभुवन विश्वविद्यालय सेवा आयोगको कार्यालय सामाजिक अध्ययन विषयको उपप्राध्यापक पदमा वैकल्पिक तेज प्रसाद पौडल..............................................१ — निवेदक

विरूद्ध

त्रिभुवन विश्वविद्यालय सेवा आयोगको कार्यालय सामाजिक अध्ययन विषयको उपप्राध्यापक पदमा सिफारिस भएका सुदर्शन कडेल..........................................१ — विपक्षी

त्रिभुवन विश्वविद्यालय सेवा आयोगको कार्यालय काठमाडौं................................१

मुद्दा : उत्प्रेषण परमादेश समेत।

नेपालको संविधान, २०७२ को धारा ४६ र १४४ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ८ को उपदफा (१) बमोजिम यस अदालतको क्षेत्राधिकार अन्तर्गत दायर हुन आएको प्रस्तुत रिटको संक्षिप्त तथ्य एवं यस अदालतको आदेश र तपसिल यसप्रकार छः

तथ्य खण्ड

१.निवेदक तेज प्रसाद पौडेलको रिट निवेदन व्यहोराः म रिट निवेदक त्रिभुवन विश्वविद्यालय अन्तर्गतको सेवा आयोगको कार्यालयले मिति २०७७।११।९ मा दरखास्त आव्हान

सम्बन्धी सूचना गरी खुल्ला प्रतियोगिताको लागी विज्ञापन नम्बर ८२३/०७७/०७८ सामाजिक विषयको उपप्राध्यापक पदमा १ सिटमा खुल्ला विज्ञापन माग गरेको अवस्थामा लिखितमा नाम निकाली अन्तरवार्ताको लागी छनोट भएको सफल योग्य उम्मेदवार हुँ। लिखित परिक्षाको नतिजामा मेरो क्रमसंख्या १ नम्वरमा नै थियो। धेरै जनाको प्रतिष्पर्धामा श्रेष्ठता हासिल गरी क्रमसंख्या १ रोल नं. ८२३-६ मा मेरो नाम प्रकाशित भयो। त्यसपछि अन्तरवार्ता भई सकेपछि मलाई खुलातर्फको वैकल्पिक उम्मेदवारको रुपमा मिति २०८२।०४।३० गते शुक्रबार म निवेदकको नाम तेज प्रसाद पौडल वैकल्पिक रहेको भनी टाँस भएको सूचना प्रकाशित गरियो। म लिखितमा पहिलो नम्वरमा नाम लिकालेको व्यक्ति कसरी वैकल्पिकमा परे भनी सोधखोज सेवा आयागमा गर्दा विपक्षी सुर्दशन कडेलले आंशिक सेवा वापतको नम्बर जोडेर सम्वन्धित विषयमा शिक्षण गरे वाफत प्रति वर्ष ०.५ अंकका दरले ५ अंकले वढी भएकोले गर्दा तपाई वैकल्पिक उमेदवार हुनुभयो भन्ने जफाव पाएँ। त्यसपछि मैले यो विषयमा सोधखोज गर्दा कता पढाएको रहेछ कुन मितिमा पढाएको रहेछ कुन विषय भनी पत्ता लगाउने क्रममा विपक्षीले विरेन्द्र वहुमखी क्याम्पस चितवनमा अध्यापन गराएको भनी सिफारिस लिएको बुझियो। यसरी यस विषयमा सम्वन्धित निकायमा बुझ्दा सिफारिस झुठा पेश गरेको देखियो। यसरी हुँदै नभएको नक्कली सिफारिस ल्याइ ५ अंक वढी देखाई नतिजा प्रभावित पार्ने गरी झुटा विवरण दिई सिफारिस भएको पाइएमा निजको सिफारिस स्वतः रद्द हुनेछ भन्ने व्यवस्था त्रिभुवन विश्वविद्यालय शिक्षक नियुक्तिको सिफारिस सम्वन्धी विनीयम, २०७५ को पच्छिेद १० को २१ मा लिखित परीक्षाको नतिजा प्रकाशन र परिच्छेद १३ मा सिफारिस सम्वन्धी व्यवस्था गरिएको छ। जसकारण मेरो संवैधानिक तथा मौलिक हकमा हनन् हुन पुगेको अवस्थामा गैरकानूनी जालसाजी गरी लिएको सिफारिसको कार्य नगर्नु, नगराउनु, गैरकानूनी सिफारिसको अंक गणना नगर्नु, नगराउनु, त्यसको आधारमा गरिएको सिफारिस तत्काल रोक्नु, परमादेशको आदेशले वैकल्पिक उम्मेदवारको सिफारिस गर्नु, गराउनु भनी विपक्षीहरुको नाममा उत्प्रेषण परमादेश लगायतका जो चाहिने उपयुक्त आदेश जारी गरी न्याय इन्साफ गरी पाउँ भन्ने समेत व्यहोराको रिट निवेदक तेज प्रसाद पौडेलको तर्फबाट रिट निवेदन।

२.यस अदालतबाट मिति २०८२।०५।२० मा भएको आदेशः यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार,कारण र प्रमाण भए सो समेत खुलाई म्याद सूचना प्राप्त गरेको मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र विपक्षीहरु आफै वा आफ्नो कानुन व्यवसायी



CamScanner

मार्फत लिखित जवाफ लिई यस अदालतमा उपस्थित हुनु भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूका नाउँमा म्याद सूचना जारी गरी रीतपूर्वक तामेल गराई लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार गरी पेश गर्नुहोला। निवेदकले अन्तरिम आदेश माग गरेको सम्बन्धमा हेर्दा प्रस्तुत निवेदनको विषयमा दुवै पक्षसँग छलफल गरी सो विषय टुंगोमा पुग्नु उपयुक्त देखिँदा मिति २०८२।५।२७ गतेको छलफलको पेशी तोकी सो छलफलमा उपस्थित हुनु भनी विपक्षीलाई जानकारी दिई नियमानुसार पेश गर्नु भन्ने व्यहोराको मिति २०८२।०५।२० मा यस अदालतबाट भएको आदेश।

**३.विपक्षी त्रिभुवन विश्वविद्यालय सेवा आयोगको कार्यालयको लिखित जवाफ व्यहोराः** निवेदकले दावी गरेको अनुभव बापत प्राप्त गर्ने अंक क्याम्पसबाट सेवा प्रमाणित गरेको कागजातको आधारमा प्रदान गरिएको हो। सो पत्र क्याम्पसबाट प्रमाणित भएको हुँदा सोको वैधानिकता माथि निवेदकले चुनौती दिन मिल्दैन। त्यसको लागि निवेदकले क्याम्पसलाई विपक्षी बनाउनु भएको छैन भने सेवा आयोगको सिफारिसमा नियुक्ति दिने कार्यकारी परिषदलाई समेत विपक्षी बनाउनु भएको छैन। क्याम्पसको पत्रको बारेमा आयोगले क्याम्पससँग बुझ्ने क्रममा रहेको स्थितिमा निवेदकले गरेको निवेदनको सम्बन्धमा आयोगले टुङ्गो नलगाउँदै निवेदक सम्मानित अदालत प्रवेश गरेको हुँदा उक्त आयोगमा विचाराधिन विषयमा सम्मानित अदालतबाट निवेदकको माग दावी बमोजिम कुनै आदेश जारी गर्न मिल्ने होइन। शिक्षक नियुक्तिको सिफारिस सम्बन्धी बिनियम, २०७५ को विनियम ३२(१) को प्रमाणित भएको अवस्थामा सेवा आयोगले मात्र त्यस्तो सिफारिस रद्द गर्न सक्ने कानूनी व्यवस्था हो। यस विषयलाई लिएर सम्मानित अदालतले Judicial Judgement गर्न मिल्दैन। सुदर्शन कडेलले भुगोल शिक्षा विषयमा २००२ मा स्नात्तकोत्तर तह उत्तिर्ण गर्नु भएको र निजले शिक्षा शास्त्र विभाग अन्तर्गत अनिवार्य शिक्षा र सामाजिक अध्ययन विषयका आंशिक शिक्षक श्री सुदर्शन कडेल मिति २०६७।१२।१३ गते देखि प्राध्यापनरत, र शैक्षिक सत्र २०७६।०७७ बाट स्नातक तह (B.Ed) मा अध्यापन गर्दै आउनु भएको भन्ने उल्लेख भएबाट त्यसरी प्राध्यापन गरेको अवधिको विनियम अनुसार अंक प्रदान गर्ने गरी गरेको कार्य र पूर्णाङ्कमा निवेदकले भन्दा सुदर्शन कडेलले बढी अंक प्राप्त गरेको र सोही बमोजिम सिफारिस गरिएको हो। यसरी कानून बमोजिम भए गरेको काम कारबाहीबाट निवेदकको कुनै पनि मौलिक हक अधिकारमा हनन हुने कार्य

नभएकोले रिट निवेदन खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको विपक्षी त्रिभुवन विश्वविद्यालय सेवा आयोगको कार्यालयको तर्फबाट लिखित जवाफ।

४.**विपक्षी सुदर्शन कडेलको लिखित जवाफ व्यहोराः** म लिखित जवाफ प्रस्तुत कर्तालाई दुःख हैरानी दिनका लागि सफा हात नलिई अदालत समेतलाई भ्रममा पारी वर्णानुक्रमको आधारमा नाम प्रकाशित भएकोलाई आफ्नो नाम १ नं. मा प्रकाशित भएको भनिएको, मैले विधि र प्रकृया सम्मत रुपमा नियुक्ति प्राप्त गरी सेवा प्रमाणित गरेको पत्र समेतको आधारमा प्राप्त गरेको अनुभवको नम्बरलाई हचुवा किसिमले झुठा भनी त्रि.वि. विरेन्द्र बहुमुखी क्याम्पस चितवन र त्रिवि कार्यकारी परिषद समेतलाई विपक्षी बनाउन नसकी दायर भए गरिएको रिट निवेदन खारेज गरी अलग फुर्सद दिलाई पाउँ भन्ने समेत व्यहोराको विपक्षी सुदर्शन कडेलको तर्फबाट लिखित जवाफ।

५.**यस अदालतबाट मिति २०८२।०६।२४ मा भएको आदेशः** यसमा, विपक्षीहरुको लिखित जवाफ पेश भैसकेको र रिट निवेदनमा अन्तरिम आदेश सम्वन्धमा स्पष्ट दावी नभएको तथा निवेदकले चुनौती दिएको विपक्षी मध्येका सुदर्शन कंडेलको प्राध्यापन सम्बन्धी अनुभव रहे नरहेको भन्ने विषयमा सम्बन्धित कागजात समेतको विवेचना गरी रिट निवेदकको अन्तिम सुनुवाई हुँदाका बखत निरुपण हुनुपर्ने देखिएकोले हाल अन्तरिम आदेश जारी गर्न मिलेन। विवादित उपप्राध्यापक पदको विज्ञापन लगायत परीक्षा र सिफारिस निर्णय समेतको सक्कल फाइल विपक्षी त्रिभुवन विश्वविद्यालय सेवा आयोगका कानून व्यवसायी मार्फत पेश गर्न लगाई विषय वस्तुको प्रकृति र गाम्भिर्यता समेतलाई दृष्टिगत गरी प्रस्तुत रिट निवेदनलाई अग्राधिकार दिई नियमानुसार पेश गर्नू भन्ने व्यहोराको यस अदालतबाट मिति २०८२।०६।२४ मा भएको आदेश।

## आदेश खण्ड

६.नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री डिल्ली खनाल, विद्वान अधिवक्ताहरु श्री महेश भट्टराई, श्री लक्ष्मी सुवेदी, श्री रिताकुमारी थापाले विपक्षीले प्राध्यापन अनुभवको झुठा सिफारिस पेश गरेको र सोही कारण निवेदकको नाम वैकल्पिक उमेदवारको रुपमा आएको हुँदा उक्त झुठा सिफारिसको आधारमा भएको नियुक्ती रद्द हुनु पर्छ भनी र त्रिभुवन विश्वविद्याल सेवा आयोगको कार्यालयको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री नारायण प्रसाद खनाल र विद्वान अधिवक्ता श्री राजेन्द्र खनालले निवेदकले गरेको निवेदनको सम्बन्धमा सेवा आयोगले टुङ्गो

नभएकोले रिट निवेदन खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको विपक्षी त्रिभुवन विश्वविद्यालय सेवा आयोगको कार्यालयको तर्फबाट लिखित जवाफ।

४. **विपक्षी सुदर्शन कडेलको लिखित जवाफ व्यहोराः** म लिखित जवाफ प्रस्तुत कर्तालाई दुःख हैरानी दिनका लागि सफा हात नलिई अदालत समेतलाई भ्रममा पारी वर्णानुक्रमको आधारमा नाम प्रकाशित भएकोलाई आफ्नो नाम १ नं. मा प्रकाशित भएको भनिएको, मैले विधि र प्रकृया सम्मत रुपमा नियुक्ति प्राप्त गरी सेवा प्रमाणित गरेको पत्र समेतको आधारमा प्राप्त गरेको अनुभवको नम्बरलाई हचुवा किसिमले झुठा भनी त्रि.वि. विरेन्द्र बहुमुखी क्याम्पस चितवन र त्रिवि कार्यकारी परिषद समेतलाई विपक्षी बनाउन नसकी दायर भए गरिएको रिट निवेदन खारेज गरी अलग फुर्सद दिलाई पाउँ भन्ने समेत व्यहोराको विपक्षी सुदर्शन कडेलको तर्फबाट लिखित जवाफ।

५. **यस अदालतबाट मिति २०८२।०६।२४ मा भएको आदेशः** यसमा, विपक्षीहरुको लिखित जवाफ पेश भैसकेको र रिट निवेदनमा अन्तरिम आदेश सम्वन्धमा स्पष्ट दावी नभएको तथा निवेदकले चुनौती दिएको विपक्षी मध्येका सुदर्शन कंडेलको प्राध्यापन सम्बन्धी अनुभव रहे नरहेको भन्ने विषयमा सम्बन्धित कागजात समेतको विवेचना गरी रिट निवेदकको अन्तिम सुनुवाई हुँदाका बखत निरुपण हुनुपर्ने देखिएकोले हाल अन्तरिम आदेश जारी गर्न मिलेन। विवादित उपप्राध्यापक पदको विज्ञापन लगायत परीक्षा र सिफारिस निर्णय समेतको सक्कल फाइल विपक्षी त्रिभुवन विश्वविद्यालय सेवा आयोगका कानून व्यवसायी मार्फत पेश गर्न लगाई बिषय वस्तुको प्रकृति र गाम्भिर्यता समेतलाई दृष्टिगत गरी प्रस्तुत रिट निवेदनलाई अग्राधिकार दिई नियमानुसार पेश गर्नू भन्ने व्यहोराको यस अदालतबाट मिति २०८२।०६।२४ मा भएको आदेश।

## आदेश खण्ड

६. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री डिल्ली खनाल, विद्वान अधिवक्ताहरु श्री महेश भट्टराई, श्री लक्ष्मी सुवेदी, श्री रिताकुमारी थापाले विपक्षीले प्राध्यापन अनुभवको झुठा सिफारिस पेश गरेको र सोही कारण निवेदकको नाम वैकल्पिक उमेदवारको रुपमा आएको हुँदा उक्त झुठा सिफारिसको आधारमा भएको नियुक्ती रद्द हुनु पर्छ भनी र त्रिभुवन विश्वविद्याल सेवा आयोगको कार्यालयको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री नारायण प्रसाद खनाल र विद्वान अधिवक्ता श्री राजेन्द्र खनालले निवेदकले गरेको निवेदनको सम्बन्धमा सेवा आयोगले टुङ्गो



CamScanner

नलगाउँदै निवेदक सम्मानित अदालत प्रवेश गरेको हुँदा सेवा आयोगमा विचाराधीन विषयमा सम्मानित अदालतबाट निवेदकको माग दावी बमोजिम आदेश जारी गर्न मिल्ने नहुँदा निवेदन खारेज हुनु पर्छ भनी तथा विपक्षी सुदर्शन कडेलको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री यदुनाथ खनाल, विद्वान अधिवक्ताहरु श्री मनिषा वस्नेत र श्री दिपेन्द्र अधिकारीले विधि र प्रकृया सम्मत रुपमा नियुक्ति प्राप्त गरी सेवा प्रमाणित गरेको पत्र समेतको आधारमा प्राप्त गरेको अनुभवको नम्बरका आधारमा १ नं. मा सिफारिस भएको हुँदा निवेदकको माग दावी खारेज गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

७.विद्वान कानून व्यवसायीहरुको वहस सुनी निवेदन पत्र सहितको सम्पूर्ण मिसिल कागजात अध्ययन गरी हेर्दा निवेदकको माग बमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गर्नुपर्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

८.निर्णय तर्फ विचार गर्दा, म रिट निवेदक त्रिभुवन विश्वविद्यालय अन्तर्गतको सेवा आयोगको कार्यालयले मिति २०७७।११।९ मा दरखास्त आव्हान गरेको खुल्ला प्रतियोगिताको लागी विज्ञापन नम्बर ८२३/०७७/०७८ सामाजिक विषयको उपप्राध्यापक पदमा १ सिटमा खुल्ला विज्ञापनमा सहभागी भई लिखितमा नाम निकाली अन्तरवार्ताको लागी छनोट भएको सफल योग्य उम्मेदवार हुँ। लिखित परिक्षाको नतिजामा मेरो क्रमसंख्या १ नम्वरमा नै थियो। अन्तरवार्ता भई सकेपछि मिति २०८२।०४।३० गते शुक्रबार म निवेदकको नाम वैकल्पिक रहेको भनी सूचना प्रकाशित भएकोले म एक नम्वरमा लिखितमा नाम निस्किएको व्यक्ति कसरी वैकल्पिकमा रहन गएको हो भनी वुझ्ने क्रममा विपक्षी सुदर्शन कडेलले दरखास्त पेश गर्दा विरेन्द्र वहुमखी क्याम्पस चितवनमा अध्यापन गराएको भनी सिफारिस लिएको आधारमा आंशिक सेवा वापतको नम्वर जोडेर ५ अंक वढी देखाई नतिजा प्रभावित पारेको पाईएकोले त्यस्तो झुठा सिफारिसको आधारमा निजलाई गरिएको सिफारिस तत्काल रोक्नु; र वैकल्पिक उम्मेदवारलाई सिफारिस गर्नु, गराउनु भनी विपक्षीहरुको नाममा उत्प्रेषणयुक्त परमादेश जारी गरी पाउँ भन्ने निवेदन दावी रहेको देखिन्छ। निवेदकले दावी गरेको अनुभव बापत प्राप्त गर्ने अंक र क्याम्पसबाट सेवा प्रमाणित गरेको कागजातको पत्रको बारेमा सेवा आयोगले क्याम्पससँग बुझ्ने क्रममा रहेको स्थितिमा निवेदकले गरेको निवेदनको सम्बन्धमा सेवा आयोगले टुङ्गो नलगाउँदै निवेदक सम्मानित अदालत प्रवेश गरेको हुँदा सेवा आयोगमा विचाराधिन विषयमा सम्मानित अदालतबाट निवेदकको माग दावी बमोजिम कुनै आदेश जारी गर्न मिल्ने होइन भन्ने विपक्षी त्रिभुवन विश्वविद्यालय सेवा आयोगको लिखित जवाफ रहेको देखिन्छ भने विधि र प्रकृया

सम्मत रुपमा नियुक्ति प्राप्त गरी सेवा प्रमाणित गरेको पत्र समेतको आधारमा प्राप्त गरेको अनुभवको नम्बर जोडी १ नं. मा सिफारिस भएको हुँदा निवेदकको निवेदन खारेज गरी पाउँ भन्ने विपक्षी सुदर्शन कडेलको लिखित जवाफ रहेको देखिन्छ ।

९.यसमा लिखित परीक्षामा आफूले वढी अंक ल्याएर उत्तिर्ण गरेको भएपनि विपक्षी सुदर्शन कडेलले बिरेन्द्र वहुमखी क्याम्पस चितवनमा अध्यापन गराएको भनी गलत सिफारिस पेश गरी सोही आधारमा थप अंक प्राप्त गरेको कारण आफू वैकल्पिकमा परेको हुँदा निज विपक्षीलाई गरेको सिफारिस बदर गरी आफ्नो नाम उत्तिर्ण उमेदवारको रुपमा सिफारिस हुनु पर्ने भन्ने नैं निवेदकको मुख्य निवेदन दावी रहेको देखिन्छ । शिक्षक नियुक्तिको सिफारिश सम्वन्धी विनियम, २०७५ (२०८१ माघ १४ गते शंशोधन सहित) को परिच्छेद ९ को नियम २० को उपनियम (३) मा "**विश्वविद्यालयको उपप्राध्यापक पदमा आवेदन दिने उमेदवारले विश्वविद्यालयको आंगिक क्याम्पसहरुमा सम्बन्धित विषयमा अटुट रुपमा करार सेवामा कार्यरत रहेको भए प्रतिवर्ष १ अंकका दरले बढीमा १० अंक र विश्वविद्यालयको आंगिक क्याम्पसहरुमा कम्तीमा हप्तामा ६ पिरियड लिई आंशिक भई अटुट रुपमा कार्यरत रहेको भए प्रतिवर्ष ०.५ का दरले बढीमा ५ अंक प्रदान गरिनेछ। यसरी आंशिक शिक्षकको रुपमा काम गरेको कुरा सम्बन्धित लेखा शाखा र प्रशासन शाखाबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ**" भन्ने व्यवस्था रहेको देखिन्छ। विपक्षी सुदर्शन कडेलले मिति २०६७।१२।१३ गतेदेखि प्राध्यापन गरिरहेको र शैक्षिक सत्र २०७६-०७७ मा स्नातक तह B.Ed. मा अध्यापन गर्दै आइरहनुभएको भनी बिरेन्द्र बहुमुखी क्याम्पस चितवनको च.नं. ९५०/०७७/०७८ मिति २०७७।१२।१० को सेवा प्रमाणित सम्बन्धी पत्रबाट देखिन्छ। सोही अनुभव वापतको अंकसहित जोडी निज सुदर्शन कडेलले विज्ञापन नम्बर ८२३/०७७/०७८ सामाजिक विषयको उपप्राध्यापक पदमा त्रिभुवन विश्वविद्यालय सेवा आयोगले लिएको सम्पूर्ण परिक्षामा उत्कृष्ट भई उपप्राध्यापक पदमा नियुक्तिको लागि सोही विनियमको परिच्छेद १३ को नियम ३० बमोजिम अन्तिम सिफारिस गरेको देखिन्छ।

१०.उक्त शिक्षक नियुक्तिको सिफारिश सम्वन्धी विनियम, २०७५ (२०८१ माघ १४ गते शंशोधन सहित) को नियम ३२ को उपनियम (४) मा "**उमेदवारको मूल्याङ्कन तालिकामा कुनै भुलचुक भई पहिले सिफारिस वा नियुक्तीसमेत भैसकेको कुनै उमेदवार सिफारिस वा नियुक्त हुन नसक्ने अवस्था प्रमाणित हुन आएमा आयोगले त्यस्तो सिफारिस बदर गर्न सक्नेछ**" भन्ने व्यवस्था रहेको देखिन्छ। सोही नियम ३० लाई आधार बनाएर निज

निवेदकले प्रस्तुत रिट निवेदन दायर गरेको देखिन्छ । यसैगरी प्रस्तुत निवेदनकै व्यहोराको माग दावी लिएर निवेदकले त्रिभुवन विश्वविद्यालय पुनरावेदन आयोग समक्ष उजुरी दिएको मिसिल सम्लग्न द.नं.११६।२०८२।८३ मिति २०८२।५।१३ को उजुरीको प्रतिलिपिबाट देखिन्छ। प्रतियोगिताद्वारा नियुक्तिका लागि आयोगबाट गरिएको सिफारिस उपर चित्त नबुझेमा विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा सम्बन्धी नियम २०५० को नियम ७ को उपनियम (४) बमोजिम उजुरी गर्न सकिनेछ भन्ने कानूनी व्यवस्था रहेको अवस्थामा निज निवेदकले विपक्षी आयोगको कार्यालयमा मिति २०८२।५।१३ मा उजुरी दर्ता गरेकोमा सो आयोगको कार्यालयबाट उक्त निवेदन उपर कुनै निर्णय नहुँदै निवेदकले यस अदालतमा प्रस्तुत निवेदन दायर गरेको देखियो।

११.कुनै पनि व्यक्ति वा निकायको कार्यबाट आफ्नो संवैधानिक र कानूनी अधिकार हनन हुन पुगेको अवस्थामा कानूनले त्यस्तो अधिकारको प्रचलनको लागि के कस्तो व्यवस्था गरेको छ सोही बमोजिम उपचार माग गर्नु पर्ने हुन्छ । यदि कानूनमा कुनै उपचारको व्यवस्था नगरिएको अवस्थामा वा त्यस्तो उपचार प्रभावकारी नभएको अवस्थामा मात्र रिट क्षेत्राधिकार आकर्षित हुने हुन्छ। निवेदकले दावी लिएजस्तो आफू योग्य हुँदाहुँदै गलत सिफारिसको आधारमा विपक्षीले प्राप्त गर्न नैं नसक्ने थप अंक प्रदान गरी विपक्षीलाई सिफारिस गरिएको हो भने त्यसरी पहिले सिफारिस वा नियुक्तीसमेत भैसकेको कुनै उमेदवार सिफारिस वा नियुक्त हुन नसक्ने अवस्था प्रमाणित हुन आएमा आयोगले त्यस्तो सिफारिस बदर गर्न सक्ने नैं देखिन्छ। सो सम्वन्धमा निवेदकको निवेदन परी आयोग समक्ष विचाराधीन रहेको अवस्थामा आवश्यक प्रमाण बुझि निवेदकको दावी पुष्टि हुन आएमा आयोगबाट निवेदकको माग सम्वोधन हुन सक्ने नैं देखिन्छ। यसप्रकार निवेदकको निवेदन माग सम्बोधन गर्न सक्ने सक्षम निकाय विश्वविद्यालयको सेवा आयोगको कार्यालयमा निवेदन विचाराधीन रहेको अवस्थामा यस अदालतबाट रिट क्षेत्राधिकार ग्रहण गरी निवेदकको निवेदन माग बमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिन आएन।

१२.तसर्थ, माथि प्रकरणमा उल्लिखित आधार कारणबाट निवेदकले नै यसै विषयमा त्रिभुवन विश्वविद्यालय सेवा आयोग कार्यालयमा उजुरी गरेको र सोको निर्णय नहुँदै प्रस्तुत रिट निवेदन दायर भएको स्थितिमा रिट निवेदकको माग बमोजिमको आदेश जारी गरी रहनुपर्ने अवस्थाको विद्यमानता नदेखिंदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। अरूमा तपसिल बमोजिम गर्नू।

## तपसिल खण्ड

- सरोकारवालाले प्रस्तुत आदेशको प्रतिलिपि माग गरे उच्च अदालत नियमावली, २०७३ को नियम १२० बमोजिम प्रतिलिपि दिनू.......................................................।
- फैसला प्रमाणीकरण भएको सूचना टाँस गरी यस अदालतको वेभसाइटमा समेत प्रकाशन गर्नू.......................................................................................।
- प्रस्तुत फैसलाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू.......................................................................................।

(कृष्णमुरारी शिवाकोटी)
न्यायाधीश

उक्त आदेशमा सहमत छु।

(खडानन्द तिवारी)
न्यायाधीश

**<u>फैसला तयार गर्न सहयोग गर्ने</u>**

इजलास अधिकृतः बोधविक्रम थोकर

फैसला टाईप गर्नेः सृष्टिका रिजाल

इति सम्वत् २०८२ साल पुष महिना ०२ गते रोज ०४ शुभम् ..........................।

फैसला प्रमाणीकरण मितिः २०८२।९।२० न्यायाधीश अदालतको छाप